स्थानीय सरकार

# सुनवर्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

डाईनियाँ, मोरङ

कोशी प्रदेश, नेपाल

**आ.व. २०८३/८४ को लागि नदिजन्य पदार्थ (भरौट) उत्खनन् संकलन तथा बिक्री कर उठाउने सम्बन्धी (बढाबढ) बोलपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८३।०५।१८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (घ) को (६) र दफा ६२ (क), कोशी प्रदेशको आर्थिक ऐन २०८३, को दफा (७) को उपदफा (१) र (७), सुनवर्षी नगरपलिकाको आर्थिक ऐन २०८३, स्वीकृत IEE प्रतिवेदन तथा प्रचलित कानूनको अधिनमा रही सुनवर्षी नगरपलिका, मोरङ्गको क्षेत्राधिकार भित्र पर्ने सुनवर्षी नगरपाललकाको वडा नं. २,३,६ र ७ भएर बग्ने बक्राहा खोलाको स्वीकृत घाट र नाकाहरुबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन गरी स्विकृत दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन ईच्छुक फर्म/कम्पनीहरु तथा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | बोलपत्रको नाम | भरौट उत्खनन् परिमाण (घ. मि.) | न्यूनतम बोलपत्र रकम रु. (मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र फारम शुल्क रु. |
|---|---|---|---|---|---|---|
| १. | SUNMUN/NCB/RIVER/083/84-01 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Bakhraha River at Sunawarshi Municipality ward no 2,3,6 and 7 | ३२,०००.०० (खोलाको घाट सङ्ख्या ३ (तिन)) | ४५,२०,२८१.६०/- | कबोल अंकको ५% (मु.अ.कर बाहेक) | ३,०००/- |

**शर्तहरुः**

- फर्म/कम्पनीहरुले फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, नवीकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र, आ.ब. २०८२/०८३ को करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरि गरी बोलपत्रदाताले यो सुचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८३/०६/०६ गते) सम्म १७:०० बजे भित्र यस न.पा.को खाता नं **(Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No:**

इन्जिनियर आठौं

अधिकृतस्तर आठौं

प्रमुख प्रशासकीय अधिकृत

3

CS CamScanner

26856389230138) मा रु. ३०००/ (फर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर निवेदन साथ पेश गरि यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

- उल्लेखित न्यूनत्तम बोलपत्र रकममा १३% मु.अ.कर थप लाग्नेछ।
- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ। आफूले कबोल गरेको अङ्क (मु.अ.कर समेत)को ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम हिमालयन बैंकमा रहेको यस न. पा.को धरौटी खाता नं **(SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178)** मा जम्मा गरी सो को सक्कलै बैङ्क भौचर वा नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त 'क' वर्गको बैङ्कबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम म्याद देखि १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड सेक्युरिटि/बण्ड पेश गर्नुपर्नेछ।
- खरिद गरेको बोलपत्र फाराममा फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोप्राइटरको नाम, ठेगाना, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई पेश गर्नुपर्नेछ ।
- बोलपत्रदाताले यस न.पा. बाट बोलपत्र सम्बन्धी कागजातहरु खरिद गरी पेश गर्ने सम्पुर्ण कागजातहरु प्रत्येक पानामा सहीछाप तथा प्रमाणित गरी सूचना प्रकाशन भएको मितिले २२ **औं** दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा पेश गर्नु पर्नेछ। सोही दिनको २:०० बजे प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न बाधा पर्नेछैन।
- बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएको समयमानै उक्त क्रियाकलाप संचालन गरिने छ।
- बोलपत्र स्वीकृत भएपछि सोको सूचना पाएको मितिले १५ दिनभित्र सम्बन्धित बोलपत्रदाता फर्म वा कम्पनीले नियमानुसार प्रक्रिया पुरा गरी सम्झौता गर्न आउनुपर्नेछ । सो अवधिभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ र उक्त कारणबाट दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आव्हान गर्ने अधिकार नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।
- बोलपत्रदाताले कवोल गरेको कूल अंक (मु.अ. कर समेत) दुई किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता आफूले कबोल गरेको अंकको ५० प्रतिशत रकम सम्झौता गर्ने समयमा र बाँकी ५० प्रतिशत (अन्तिम किस्ता) रकम मिति २०८४ वैशाख मसान्तभित्र बुझाउनु पर्नेछ। बाँकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०८४ साल असाढ मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी (परफरमेन्स सेक्युरिटि/बन्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता बमोजिम स्थायी चलनपूर्जी दिईनेछ ।
- बोलपत्रदाताले आफूले कबोल गरेको एकमुष्ठ रकम बुझाउन चाहेमा कबोल रकमको १० प्रतिशत रकम छुट दिईनेछ।
- कुनैपनि शर्त राखी पेश गरेको, आवश्यक काजजात संलग्न नगरी हुलाक मार्फत पठाएको, म्याद नाघी आएको र रित नपुगेको बोलपत्र उपर कुनै कारबाही गरिनेछैन।
- यस कार्यालयको छाप र कार्यालयबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिईनेछैन।
- एक फर्म/कम्पनीको नामना खरिद गरिएको बोलपत्र फारम अर्को फर्म/कम्पनीको नाममा दाखिला गर्न पाईने छैन।
- कर/शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टाछुट्टै ३/३ प्रति रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्ने र प्रयोग भैसकेका ठेलीहरु प्रत्येक महिना व्यतित भएको ७ दिन भित्रमा कार्यालयमा बुझाउनुपर्नेछ। प्रत्येक १५/१५ दिनमा सम्बन्धित वडाका प्राविधिकबाट उत्खनन् गरिएको परिमाणको प्राविधिक प्रतिवेदन तयार गर्नु पर्नेछ साथै नदीजन्य पदार्थ उत्खनन्

संकलन गरी विक्री गरेको परिमाण प्रत्येक महिना समाप्त भएको ७ दिन भित्र ठेकेदारपक्षले तपशिलको ढाँचामा राखी मासिक विवरण अनिवार्य रुपमा सुनवर्षी नगरपालिकाको राजस्व शखामा पेश गर्नुपर्नेछ।

| नदिजन्य निर्माणमुखी पदार्थ (भरौट) को परिमाण (घ.मि.) | ठेकेदारले लिन पाउने बिक्रि मल्य वा शुल्क (रु.) | मु.अ.कर (१३%) | जम्मा रु. |
|---|---|---|---|
| | | | |
| | | | |

- ठेक्काका सम्बन्धमा कुनै किसिमको विवादको स्थिती स्वीकार्य हुने छैन। कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय तथा प्रचलित कानूनको परिधिभित्र रही सुनवर्षी नगरपालिकाको कार्यालय डाईनिया मोरङ्गले आवश्क निर्णय लिनेछ।
- ठेक्का अवधिभर नदीजन्य पदार्थ (भरौट) उत्खनन्, संकलन तथा विक्री गर्न चलन पुर्जी पाएको भोलीपल्ट देखि २०८४ जेष्ठ मसान्तसम्म मात्र हुनेछ। सो मिति अगावै सम्झौता भएको परिमाण पुरा भएमा संकलन तथा विक्री कार्य बन्द गरिनेछ।
- नेपाल सरकार, सम्मानित अदालत, सुनवर्षी नगरपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागू गर्नु ठेकेदारको कर्तव्य एवम् दायित्व हुनेछ। नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानि-नोक्सानी हुन गएमा सोको क्षतिपूर्तिको दाबी ठेकेदारले सुनवर्षी नगरपालिकासँग गर्न पाउने छैन।
- ठेक्का सम्झौता भए पछी बन्द, हडताल, चक्काजाम, निषेधाज्ञा वा अन्य कुनै कारणले कर छुट वा मिनाहाका लागी ठेकेदार पक्षबाट दाबी गर्न पाईने छैन। तर काबु बाहिरको परिस्थिति परि राजस्व असुली हुन नसकेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।
- ठेकेदारले यस सम्झौतामा उल्लेखित सम्पूर्ण शर्तहरु पूर्णरुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा नगरपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लंघन भएको पाईएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति पनि दिईनेछैन ।
- साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नुपर्नेछ । सो वापत लागेको खर्च नगरपालिकामा दाबी गर्न पाइने छैन।
- ठेक्का अवधीभर प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने आयकर लगायतको अन्य करहरु ठेकेदार स्वयंले ब्यहोर्नु पर्नेछ र ठेक्का रकमबाट घटाउन पाईनेछैन।
- बिक्री मुल्य वा शल्क असुल गर्नुपर्ने दररेटको सूची तालिका र शर्तहरु सहितको होडिङ बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदार पक्षले सर्वसाधारणले देखिने गरी रख्नु पर्नेछ।
- नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्रि गर्दा देहायको स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ । आबादी क्षेत्रबाहेकबाट ढुङ्गा, गिट्टी, बालुवा तथा भरौट उत्खनन गरी बिक्री गर्न पाईने छैन ।

ई. रिश्म सिंह
इन्जिनियर आठौं

सुनखाडा कोईराला
अधिकृतस्तर आठौं

प्रमुख प्रशासकिय अधिकृत

| क.श. | उत्खनन् क्षेत्र | जम्मा परिमाण (घ.मि.) | खोलाजन्य पदार्थहरुको परिमाण (घ.मि.) | | | |
|---|---|---|---|---|---|---|
| | | | ढुङ्गा (Pebbles) | ग्राभेल | वालुवा | भरौट |
| १. | चैता मल्दैया घाट उत्खनन् क्षेत्र | १०००० | ० | ० | ० | १०००० |
| २. | बावनाडोभ उत्खनन् क्षेत्र | १४००० | ० | ० | ० | १४००० |
| ३. | टुपिया खाँडी उत्खनन् क्षेत्र | ८००० | ० | ० | ० | ८००० |
| | | ३२००० | ० | ० | ० | ३२००० |

- खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।
- तोकिएको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्द हुनेछ ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लिखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
- भरौट सङ्कलन तथा बिक्री गर्दा प्राकृतिक धार किनारा, घाट, कुलो कुलेशा, पुल पुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको परिधि भित्र रही मात्र गर्नुपर्नेछ ।
- साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुंगा, गिट्टी, बालुवा, भरौट आदि संकलन तथा ढुवानी गर्नु पर्नेछ ।
- तोकिए बमोजिमका पुल, पुलेसा, संरक्षण क्षेत्र, मसानघाट आदिको US मा ५०० मिटर र DS मा १००० मिटर बाहिरबाट मात्र निर्माण सामाग्री संकलन र उत्खनन् गर्नु पर्ने छ । साथै निर्माण सामाग्री उत्खनन् गर्ने समय विहान सूर्योदयदेखी बेलुका सूर्यास्तसम्म मात्र हुनेछ ।
- बक्राहा खोलाबाट नदीजन्य पदार्थको विक्री करको दर कोशी प्रदेशको आर्थिक ऐन, २०८३ वमोजिम हुनेछ।
- सुनवर्षी नगरपलिकालाई नदिजन्य पदार्थ आवश्यक परेमा तोकिएको दररेटमा नै ठेकेदार पक्षसँग खरिद गर्न सक्नेछ ।
- किस्ता रकम तोकिएको म्याद भित्र बुझाउनु पर्नेछ। किस्ता रकम बुझाउन म्याद नाघेको ७ दिनसम्ममा पनि रकम नबुझाएमा अन्तिम चेतावनी स्वरुप पून ७ दिनको म्याद दिई जरिवाना प्रति दिन ०.०२% ले सो किस्तामा बुझाउन बाँकी रकमको हिसाबले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ। सो म्यादमा पनि बुझाउनु पर्ने रकम ठेकेदारले नबुझाइमा कार्यालयले ठेक्का तोडी बैकल्पिक व्यवस्था गर्न सक्नेछ।
- ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १०% ब्याज जोडी सरकारी बाँकी सरह असुल उपर गरिने छ। यसरी ठेक्का तोडिन गई बाँकी

इ. सिरप ... इन्जिनियर आठौं

युवराज कोईराला अधिकृतस्तर आठौं

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

अवधीको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरको भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनी ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ।

- यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
- ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि २०८४/०२/३१ सम्म बिहान सर्योदय भएदेखि बेलुका सुर्यास्तसम्म मात्र उत्खनन् एवं संकलन समय अवधि हुनेछ र २०८४/०३/०१ देखि २०८४/०३/३२ सम्म उत्खनन कार्य गर्न नपाउने तर यस पुर्व संकलन भएको नदिजन्य पदार्थ मात्र र तोकिएको परिमाण पूर्ण नभएको अवस्थामा निकासी गर्न पाउनेछ ।२०८४ असाढ मसान्त पश्चात कुनै पनि राजश्व (घाटगद्दी गरिएको समेत) लिन पाउनेछैन ।
- ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बनिधत ठेकेदारले उठाउन सक्नेछ।
- उत्खनन् पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ। नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन ।
- साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संकलन हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयम्ले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा विक्री प्रबन्ध मिलाउनु पर्नेछ। साथै, कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गराउने दायित्व समेट निज ठेकेदारको हुनेछ ।
- स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री गर्नु पर्नेछ ।
- **नोटः**

  साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा हाते सामग्री तथा हाते औजारको मात्र प्रयोग गर्नु पर्नेछ तर प्राकृतिक कारणले अति आवस्यक भएमा स्थानीय विपद व्यवस्थापन समितिको निर्णय तथा स्थानीय तहको पूर्व स्वीकृती लिएर मात्र एक्स्काभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्नु पर्नेछ। सो उपकरण प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।
- विस्त्रित जानकारीका लागि कार्यालयको वेभसाइट www.sunawarshimun.gov.np मा हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
- यसमा उल्लेख भएका विषयहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका विषयहरुमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलति कानून बमोजिम हुनेछ।

ई. विरच भोटिया
इन्जिनियर आठौं

युवराज कोईराला
अधिकृतस्तर आठौं

प्रमुख प्रशासकिय अधिकृत



CamScanner